## २०७४ साल चैत्र २९ गते ऐसेलुखर्क गाउँपालिकाको निर्णयहरु :-

निर्णय नं.१:- एकीकृत घुम्ती शिबिर सम्बन्धमा:- यस गाउँपालिकामा जिल्ला स्थित कार्यालयहरुबाट प्रदान गरिने सेवालाई स्थानीय स्तरबाट नै प्रदान गर्न को लागि मिति २०७५ बैशाख १२,१३ र १४ गते एकीकृत घुम्ती शिबिर संचालन गर्नको लागि श्री जिल्ला प्रशासन कार्यालय खोटाङ्ग संग समन्वय गर्ने निर्णय गरियो |

निर्णय नं.२:- बाबियोखर्कको पाइप ढुवानी को रकम भुक्तानी सम्बन्धमा:-

ऐसेलुखर्क गाउँपालिका वडा नं. ४ जलेश्वरिको बाबियोखर्कमा आगालागीबाट क्षति भएको पाइप मर्मतको लागि धरान देखि ऐसेलुखर्क र ऐसेलुखर्क देखि सम्बन्धित स्थानसम्म ढुवानी गरेबापतको ढुवानी खर्च रु ५०,००० (पचास हजार) गाउँपालिकाको बिबिध शीर्षकबाट आबश्यक कानुनि प्रकृया पुरा गरि एकमुष्ट भुक्तानी दिने निर्णय गरियो |

निर्णय नं.३:- विपद ब्यबस्थापन सामग्री खरिद सम्बन्धमा | यस गाउँपालिका क्षेत्र भित्र बढी पहिरो आगालागी जस्ता बिपदबाट कोहि कुनै व्यक्तिको निजि घरहरु पूर्ण रुपमा क्षति भएको अबस्थामा बिगतको कार्यपालिका बैठकको निर्णय बमोजिमको राहत सुबिधाको साथै प्रतिपरिवार तपशिल बमोजिमको सामाग्री सेट उपलब्ध गराउन १५(पन्ध्र) घर परिवारको लागि सामग्री खरिद गर्ने निर्णय गरियो |

तपशील

१. थल ३ थान

२. कराई १ थान

३. भाडा १ थान

४. डाडु १ थान

५. पनिउ १ थान

६. बाल्टिन १ थान

७. गिलास ३ थान

८. कम्बल १ थान

९. त्रिपाल १ थान

१०. आरी १ थान

११. जग १ थान

निर्णय नं.४:- खानेपानि पाइप खरिद सम्बन्धमा |

यस गाउँपालिकाको कन्टेनजेन्सी कट्टा बापद जम्मा भएको कोषको रकम बाट गाउँपालिका क्षेत्र भित्र विभिन्न स्थानमा रहेको खानेपानी मर्मत बापद प्राप्त निबेदनहरुलाई आबश्यकताको आधारमा पाइप बितरण गर्नको लागि रु ५,००,०००(पाँच लाख) रकमको खानेपानी पाइप गर्ने निर्णय गरियो |

निर्णय नं.५:- प्लास्टिक पोखरी निर्माण सम्बन्धमा | यस गाउँपालिकाको बार्षिक स्वीकृत कृषि बिकास कार्यक्रम अन्तर्गत प्लास्टिक पोखरी निर्माणको लागि पेश भएको निबेदनहरु मध्ये तपशिलको स्थानमा पोखरी निर्माणको लागि स्वीकृत प्रदान गर्ने निर्णय गरियो |

तपशिल

१. सेतिभुमी मकै बिउ उत्पादन कृषक समूह बाकाचोल थान-१

२. सयपत्री कृषक समूह ऐसेलुखर्क थान-१

३. उज्यालो अभियान कृषि समूह महेश्वरी थान-२

४. मिलिजुली कृषि समूह जलेश्वरी थान-२

५. तालमेल कृषि समूह ज्यामिरे थान-१

६. मदरल्याण्ड एग्रो फर्म माक्पा थान-३

७. हरियाली कृषक समूह ऐसेलुखर्क थान-२

८. आहालडांडा आलुबारी कृषक समूह ओडारे थान-१

९. केराबारी कृषक समूह ज्यामिरे थान-१

निर्णय नं.६:- साना सिंचाई तथा कुलो मर्मत सम्बन्धमा | यस गाउँपालिकाको बार्षिक स्वीकृत कृषि बिकास कार्यक्रम अन्तर्गत साना सिंचाई र कुलो मर्मत बापत प्राप्त निबेदनहरु मध्ये तपशिलका स्थानमा उक्त कार्यक्रम संचालनका लागि स्वीकृत प्रदान गर्ने निर्णय गरियो |

तपशिल

१. सयपत्री कृषक समूह बाकाचोल (बादेल)

२. जुनतारा कृषक समूह बाकाचोल (गोरदस)

३. ददी पुन्ज कृषि सहकारी सस्था ज्यामिरे (नेपाने)

४. तरकारी कृषक समूह राखाबांदेल

५. लेकाली कृषि समूह ऐसेलुखर्क (रैकर)

६. छुका कृषक समूह ऐसेलुखर्क (छुका)

७. नब किरण कृषक समूह ज्यामिरे (काभ्रे)

निर्णय नं.७:- ब्याक हो लोडरको भाडा दर सम्बन्धमा |यस गाउँपालिकाले खरिद गरि ल्याएको ब्याक हो लोडर कुनै व्यक्ति वा संघ सस्थाले आफ्नो काममा प्रयोग गर्ने भएमा प्रति घण्टा रु २५०० (दुई हजार पाँच सय मात्र) गाउँपालिकाले कर लिएर प्रयोग गर्न दिने निर्णय गरियो

निर्णय नं.८:- बजेट रकमान्तर सम्बन्धमा | यस गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्थाहरुमा कार्यरत कार्यालय सहयोगीहरुको मिति २०७४ माघ महिना देखि तलब भत्ता अपुग भएकोले गाउँपालिकाको तलब शिर्षकमा रहेको रकम बाट अन्य सेवा शुल्क शिर्षकमा रु १०००००० (दश लाख मात्र) रकमान्तर गरि तलब भत्ता लागायत भुक्तानी गर्ने निर्णय गरियो |

निर्णय नं.९:- युबा स्वरोजगार र समपुरक कोषको रकम बिबिध शिर्षकमा रकमान्तर गर्ने सम्बन्धमा | यस गाउँपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत युबा स्वरोजगार र समपुरक कोष शिर्षकमा बिनियोजन भएको रकम मध्ये युबास्वरोजगार शीर्षकबाट रु ५००००० र समपुरक कोष शीर्षकबाट ९००००० गरि जम्मा रु १४००००० (चौध लाख) रकम बिबिध शिर्षकमा रकमान्तर गर्ने र सो रकमबाट रावा खोला माक्पा ऐसेलुखर्क सडक मर्मत ऐसेलुखर्क बजार क्षेत्रको सडक निर्माण तथा स्तरोन्नति र ऐसेलुखर्क नोरुङ भीरपानी सडक मर्मत कार्यमा प्राबिधिक लागत स्टिमेट तथा प्राबिधिक मुल्यांकन बमोजिम भुक्तानी गर्ने र बाँकि रकम बाट राखाबांदेल वडा कार्यालय र ज्यामिरे वडा कार्यालय र जलेश्वरी वडा कार्यालय जोड्ने सडक निर्माण कार्यमा खर्च गर्ने निर्णय गरियो |

निर्णय नं.१०:- समपुरककोषको रकम बाट संचालन हुने योजना छनौट सम्बन्धमा | यस गाउँपालिकाको समपुरककोष शिर्षकमा रहेको रकम रु ३६००००० (छत्तिस लाख ) मध्ये बाट तपशिलका योजनाहरु प्राबिधिक मुल्यांकनका आधारमा खर्च गर्ने गरि योजना छनौट गर्ने निर्णय गरियो |

तपशिल

१. शैशिलाकम-डाडाटोल-ठुम्लु-सिर्जनसिल भरिया समाजको भवन सम्म सडक निर्माण (६०%)

२. बादेल-सिन्दुरेढुंगा पावरहाउस सडक निर्माण (६०%)

३. त्रिभुवन मा.बि. प्रवेशद्वार निर्माण (६०%)

४. महाभिर-कालीखोला-पारा खानेपानी योजना (६०%)

५.बिधुतपोल खरिद राखाबांदेल (६०%)

६. मुलाधारा पर्यटकीय स्थल निर्माण (६०%)

७. धोद्रे-काडे टुहुरे सडक निर्माण (ऐसेलुखर्क-जलेश्वोरी )(६०%)

८. सोराना हुमेखोला सडक निर्माण बाकाचोल (६०%)

निर्णय नं.११ - कार्यविधि पास सम्बन्धमा | यस गाउँपालिकाको समपुरककोषमा रहेको रकम खर्च गर्नको लागि बनेको कार्यविधि २०७४ पारित गर्ने निर्णय गरियो |

निर्णय नं.१२ :- महिला शसक्तिकरण शिर्षक रकम खर्च सम्बन्धमा | गाउँकार्यपालिकाको महिला शसक्तिकरण शिर्षकमा बिनियोजन भएको रकम मध्ये खर्च भै बाँकि रहेको रकमबाट तपसिलका वादाहरुबाट माग भै आएका तपसिलका कार्यक्रममा तपसिल बमोजिमको रकम खर्च गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो

तपसिल

१. मुन बनाइ तालिम महेश्वरी -१०००००

२. मौरी पालनकार्यक्रम राखा २००००००

निर्णय नं.१३:-  पशु विकास कार्यक्रम कार्यविधि पास सम्बन्धमा | यस गाउँपालिकाको पशु बिकास कार्यक्रम, फार्म प्रबर्दन कार्यन्वयन कार्यविधि २०७४ पारित गर्ने निर्णय गरियो साथै पशु विकास कार्यक्रम, फार्म प्रबर्दन कार्यक्रम संचालन गर्ने निर्णय गरियो |

निर्णय नं.१४:- शुभकामना आदान प्रदान सम्बन्धमा | नया वर्ष २०७५ सालको नया बर्षको शुभकामना सबै गाउँ बासीको शुख सान्ति सम्ब्रिद्दिको लागि रेडियो मार्फत समेत प्रचार प्रसार गर्ने र सबैमा शुभकामना प्रदान गर्दै बैठक समापन गरियो |